दुधौली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दुधौली, सिन्धुली

बागमती प्रदेश,नेपाल ,

प.स.:०८३ /०८४

च.नं.: ५२४

सूचना प्रकाशित मिति ; २०८३/०७/१६

मासु पसल संचालनको लागि इजाजत पत्र लिनुपर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना ।

नेपाल सरकारले २०८३ भदौ १ गते नेपाल राजपत्रमा सिन्धुली जिल्लाका नगरपालिकामा मिति २०८३ माघ १ गतेबाट पशु बधशाला तथा मासु जाँच ऐन , २०५५ लागु हुने गरी सूचना प्रकाशन भएको हुदाँ दुधौली नगरपालिका भित्र पशु बधशाला स्थापना वा मासु बिक्रि गर्ने व्यक्ति वा संस्थाले पशु बधशाला र मासु जाँच नियमावली , २०५७ को नियम ५ र ८ बमोजिम तोकिएको मासु पसलको मापदण्ड पूरा गरी इजाजत पत्र लिनुहुन यो सूचना प्रकाशन गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले ४५ दिन भित्र दुधौली नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा इजाजत पत्र लिनको लागि अनुसूचि -३ बमोजिम दरखास्त फारम भरि पेश गर्नु हुन अनुरोध छ । इजाजत बिना मासु पसल संचालन गरेमा वा मासु बिक्रि वितरण गरे ऐ . ऐनको दफा १७ को उपदफा (२) बमोजिम १० हजार देखी २० हजार सम्म जरिमाना वा तीन महिना कैद वा दुबै सजाय हुने कानूनी व्यवस्था रहेको व्यहोरा यसै सूचना साथ जानकारी गराइन्छ ।

थप जानकारीको लागि पशु सेवा शाखामा सम्पर्क राख्नु हुन अनुरोध छ ।

नम्रजय अधिकारी दनुवार , प्राविधिक सहायक पाँचौ - ९८४०१७८८८०

०७।१६

राजु खनाल

प्रमुख प्रशासकीय अधिकृत